apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र




● वर्ष: १२ ● अंक: १६४ ● पृष्ठ: ४ ● १७ असार २०८३ बुधबार (01 July 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## वडा अध्यक्षका छोराको आक्रमणबाट पत्रकार घाइते, घटनाप्रति पत्रकार महासंघको ध्यानाकर्षण

अपन दैनिक संवाददाता
सिरहा, असार १६ गते

सिरहामा पत्रकारमाथि भएका दुई छुट्टाछुट्टै घटनाप्रति नेपाल पत्रकार महासंघले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। महासंघले पत्रकारमाथि भएको दुर्व्यवहार र आक्रमणलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भन्दै दोषीमाथि कानुनी कारबाहीको माग गरेको छ।

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अनुसार गत असार १३ गते समाचार संकलनका क्रममा पत्रकार दिलीप सहनीलाई इलाका प्रहरी कार्यालय गोलबजारमा कार्यरत प्रहरी कर्मचारीले दुर्व्यवहार गरेका थिए। त्यस्तै, कर्जन्हा नगरपालिका-७ का वडा अध्यक्षका छोराले गरेको आक्रमणबाट पत्रकार गोविन्द यादव घाइते भएका छन्।

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा पत्रकारहरूले पेशागत दायित्व निर्वाह गरिरहेका बेला भएका यी दुवै घटना अत्यन्त निन्दनीय, प्रेसविरोधी तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप भएको उल्लेख गरिएको छ।


नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०३।१६

प्रेस विज्ञप्ति

सिरहामा सञ्चारकर्ममा जुटेका पत्रकार दिलीप सहनीलाई दुर्व्यवहार र गोविन्द यादवमाथि आक्रमण भएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ।

यही असार १३ गते पत्रकार सहनीलाई इलाका प्रहरी कार्यालय गोलबजारमा प्रहरी कर्मचारीबाट दुर्व्यवहार भएको थियो भने कर्जनहा नगरपालिका–७ का वडा अध्यक्षका छोराको आक्रमणबाट पत्रकार यादव घाइते भएको महासंघको सिरहा शाखाले जनाएको छ।

पेशागत धर्म निर्वाह गर्दा पत्रकारमाथि भएको यी घटना अत्यन्तै निन्दनीय र प्रेसविरोधी छन्।

अत: घटनामा संलग्नको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र पत्रकारलाई सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित निकायसँग माग गर्दछ।

रामप्रसाद दाहाल
महासचिव



महासंघले घटनामा संलग्न व्यक्तिहरूको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन, निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गर्न तथा पत्रकारलाई सुरक्षित वातावरणमा पेशागत जिम्मेवारी निर्वाह गर्ने सुनिश्चितता गर्न सम्बन्धित निकायसँग माग गरेको छ।

यसअघि नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैता यादव र मधेश प्रदेश समितिका महासचिव शैलेन्द्र महतो 'क्रान्ति' ले पनि छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरी दोषी देखिने जो-कोहीलाई कानुनबमोजिम कडा कारबाही गर्न माग गरेका थिए।

पत्रकारमाथि पछिल्लो समय भइरहेका दुर्व्यवहार र आक्रमणका घटनाले प्रेस स्वतन्त्रता तथा पत्रकारको पेशागत सुरक्षाप्रति गम्भीर प्रश्न उठाएको भन्दै महासंघले यस्ता घटनाको पुनरावृत्ति हुन नदिन प्रभावकारी कदम चाल्न सरकार, सुरक्षा निकाय तथा सम्बन्धित पक्षसँग आग्रह गरेको छ।

## सिरहामा विद्यालय बसको ठक्करबाट खलासी र ५ वर्षीया छात्राको मृत्यु, चालक फरार



अपन दैनिक संवाददाता
सिरहा, असार १६ गते

सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकामा विद्यालय बसको ठक्करबाट बसका खलासी र एक ५ वर्षीया छात्राको मृत्यु भएको छ। दुर्घटनापछि बस चालक फरार रहेका छन् भने प्रहरीले उनको खोजी तीव्र पारेको जनाएको छ।

इलाका प्रहरी कार्यालय महेशपुर पतारीका अनुसार को.१ ख. ३५९९ नम्बरको पायनर एजुकेसनल एकेडेमी, लहान नगरपालिका-१२ भोटियाटोलको विद्यालय बसले किच्दा बसका खलासी लहान नगरपालिका-२२ लवटोल निवासी २२ वर्षीय राम उदगार यादव र सोही विद्यालयमा अध्ययनरत लक्ष्मीपुर पतारी गाउँपालिका-२ निवासी ५ वर्षीया समिक्षा साहको घटनास्थलमै मृत्यु भएको हो।

स्थानीयका अनुसार मंगलबार विद्यालय बिदापछि विद्यार्थीलाई घर पुऱ्याउने क्रममा दुर्घटना भएको थियो।

मृतक बालिकाका गाउँलेका अनुसार बसबाट ओर्लिएपछि समिक्षा लड्न पुगेकी थिइन्। उनलाई उठाउन

बाँकी पृष्ठ ३

## 'संघीयता गुमे संविधान नै गुम्न सक्छ'



अपन दैनिक संवाददाता
सिरहा, असार १६ गते

विभिन्न राजनीतिक दलका नेताहरूले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिता नेपालको संविधानबाट हट्न नसक्ने बताएका छन्। यस्तो प्रयास गरे मुलुकमा द्वन्द्व सिर्जना हुने उनीहरूको चेतावनी छ।

फेडरालिजम् एन्ड लोकलाइजेसन सेन्टर (एफएलसी) ले मंगलबार काठमाडौंमा गरेको कार्यक्रममा सहभागी राजनीतिक दलका नेता, सांसद, संविधानविद्, युवा, पत्रकार, नागरिक समाजका अगुवाहरूले यस्तो बताएका हुन्।

पूर्वसांसद डा. खिमलाल देवकोटाले संघीयताको माग विगत धेरै दशकदेखि क्रमश: विकसित हुँदै आएको बताए।

उनका अनुसार वेदानन्द झा र गजेन्द्र नारायण सिंहले अघि सारेको विकेन्द्रीकृत शासनको अवधारणादेखि माओवादीद्वारा प्रस्तावित पहिचानमा आधारित प्रदेश संरचना तथा मधेश आन्दोलनसम्मका राजनीतिक माग र योगदानले संघीयतालाई राष्ट्रिय राजनीतिक एजेन्डाको केन्द्रमा स्थापित गरेको हो।

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले संविधान संशोधनसम्बन्धी छलफल प्रमाण, कार्यान्वयनबाट प्राप्त अनुभव तथा व्यापक राजनीतिक सहमतिमा आधारित हुनुपर्नेमा जोड दिए।

उनले नेपालको संघीय व्यवस्थालाई आधार प्रदान गर्ने संवैधानिक सिद्धान्तहरूको संरक्षण गर्दै लोकतान्त्रिक संस्थाहरूलाई थप सुदृढ बनाउने दिशामा संविधान संशोधन केन्द्रित हुनुपर्ने बताए।

नेपाली कम्युनिस्ट पार्टीका नेता देवप्रसाद गुरुङले संघीयता र धर्मनिरपेक्षताजस्ता स्थापित संवैधानिक आधारभूत विषयहरूलाई अनावश्यक रूपमा पुन: बहसमा ल्याउनु उपयुक्त नहुने बताए।

बाँकी पृष्ठ ४

## स्थानीय तहका समस्या समाधानमा मन्त्री-मुख्यमन्त्रीबीच छलफल

अपन दैनिक संवाददाता
काठमाडौं, असार १६ गते

स्थानीय तहमा देखिएका समस्या समाधान तथा संघ-प्रदेश-स्थानीय तहबीचको समन्वयलाई प्रभावकारी बनाउने विषयमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल र मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवबीच छलफल भएको छ।

सो क्रममा स्थानीय तहमा देखिएका कर्मचारी व्यवस्थापन, दरबन्दी मिलान, बजेट तर्जुमा तथा अन्य प्रशासनिक चुनौतीका विषयमा विस्तृत छलफल भएको छ। छलफलका क्रममा मुख्यमन्त्री यादवले स्थानीय तहमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकारका तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

मन्त्री रावलले स्थानीय तहको बजेट तर्जुमा प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन मन्त्रालयले तीन



जना सहसचिवको नेतृत्वमा टोली परिचालन गरी स्थलगत सहजीकरण तथा समन्वय गरेको जानकारी दिए। ती टोलीले पालिका प्रमुख, उपप्रमुख तथा सम्बन्धित पदाधिकारीसँग छलफल गरी स्थानीय तहका समस्या, आवश्यकता र चुनौतीबारे स्थलगत विवरण संकलन गरेको उनले बताए।

उनले स्थानीय तहका समस्या समाधानका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्रालयले स्थानीय सरकारलाई थप व्यवस्थित, प्रभावकारी र

बाँकी पृष्ठ २




## सिरहामा नगर प्रहरीलाई विपद् व्यवस्थापनसम्बन्धी तालिम

अपन दैनिक संवाददाता
सिरहा, असार १६ गते

स्थानीय तहमा कार्यरत नगर प्रहरीलाई विपद् व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सिरहास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टरले विपद् व्यवस्थापन स्वयंसेवक तालिम सुरु गरेको छ।

तालिममा नगर प्रहरीहरुलाई जल उत्पन्न तथा आगलागीजस्ता विपद्का बेला तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार, राहत व्यवस्थापन, आगलागी नियन्त्रणसम्बन्धी सैद्धान्तिक



तथा प्रयोगात्मक अभ्यास गराइने

गण प्रमुख सशस्त्र प्रहरी उपरीक्षक

बाँकी पृष्ठ ३

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### पानी विक्रिवितरणमा लापरबाही बन्द गर

पानी जीवनको आधार हो । मानिस मात्र होइन, पृथ्वीमा रहेका सम्पूर्ण जीवजन्तु र वनस्पतिको अस्तित्व पानीमै निर्भर छ । स्वच्छ र सुरक्षित खानेपानी प्रत्येक नागरिकको आधारभूत आवश्यकता मात्र होइन, स्वस्थ जीवन बाँच्ने मौलिक अधिकार पनि हो। पछिल्ला वर्षहरूमा बोतल तथा जारमा प्याकिङ गरिएको खानेपानीको प्रयोग तीव्र रूपमा बढेको छ। उपभोक्ताले मूल्य तिरेर किन्ने यस्ता पानी शुद्ध, सुरक्षित र गुणस्तरीय हुने विश्वास गर्छन्। तर जब त्यही पानीमा किरा, फोहोर वा अन्य अखाद्य वस्तु भेटिन्छन्, त्यो एउटा कम्पनीको कमजोरी मात्र होइन, सम्पूर्ण नियमन प्रणालीमाथि उठेको गम्भीर प्रश्न हो। सिरहा जिल्लामा पनि खानेपानी उत्पादन तथा बिक्री-वितरण गर्ने उद्योगहरूको संख्या बढ्दो छ। यो व्यवसाय विस्तार हुनु सकारात्मक भएपनि गुणस्तर र सुरक्षामा कुनै सम्झौता हुन सक्दैन्।

विगतमा पटक-पटक सिरहामा उत्पादन गरिएका प्याकिङ पानीमा विभिन्न प्रकारका अखाद्य वस्तु भेटिएको घटना सार्वजनिक हुँदै आएका छन्। पछिल्लो पटक लहानस्थित ...ऋषि जल' नामक कम्पनीको प्याक गरिएको बोतलमा अखाद्य वस्तु फेला परेको घटनाले फेरि एकपटक उपभोक्ताको स्वास्थ्यमाथि भइरहेको लापरबाहीलाई उजागर गरेको छ। यस्ता घटनाले उपभोक्ताको विश्वास कमजोर बनाउनुका साथै सम्बन्धित उद्योगहरूको जिम्मेवारीप्रति गम्भीर प्रश्न उठाउँछन्। खानेपानी उत्पादन गर्ने उद्योगहरूले स्वच्छता, गुणस्तर परीक्षण, उत्पादन प्रक्रिया र प्याकेजिङमा उच्चतम मापदण्ड पालना गर्नु अनिवार्य हुन्छ। उत्पादनदेखि बजारसम्म पुग्ने सम्पूर्ण प्रक्रियामा सावधानी अपनाइएन भने त्यसको प्रत्यक्ष असर नागरिकको स्वास्थ्यमा पर्छ। दूषित पानीका कारण झाडापखाला, हैजा, टाइफाइड लगायत विभिन्न जलजन्य रोग फैलिन सक्छन्। यस्तो अवस्थामा उद्योगहरूको सामान्य लापरबाही पनि जनस्वास्थ्यका लागि ठूलो जोखिम बन्न सक्छ।

यस्ता घटना दोहोरिनुमा उद्योगहरूको मात्र कमजोरी छैन, नियमन गर्ने सरकारी निकायको निष्क्रियता पनि उत्तिकै जिम्मेवार देखिन्छ। नियमित अनुगमन, प्रयोगशाला परीक्षण, मापदण्डको कडाइका साथ कार्यान्वयन तथा दोषी उद्योगमाथि कानुनी कारबाही प्रभावकारी रूपमा हुन सकेका छैनन्। अनुगमन औपचारिकतामा सीमित हुँदा उपभोक्ताको स्वास्थ्य सुरक्षा सुनिश्चित हुन सक्दैन। खानेपानी उद्योगहरूको नियमित र आकस्मिक निरीक्षणलाई प्रभावकारी बनाउनुपर्छ। गुणस्तर मापदण्ड उल्लंघन गर्ने उद्योगलाई कानुनबमोजिम जरिवाना, उत्पादन बन्द वा अनुमति खारेजीसम्मका कडा कदम चाल्नुपर्छ। उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्ने कुनैपनि उद्योगलाई छुट दिने अवस्था हुनु हुँदैन। साथै उद्योगहरूले पनि नाफाभन्दा नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै उत्पादन प्रक्रिया पारदर्शी, जिम्मेवार र मापदण्डअनुसार बनाउनुपर्छ। शुद्ध खानेपानी नागरिकको अधिकार हो। त्यसैले खानेपानीको गुणस्तरमा कुनैपनि प्रकारको लापरबाही स्वीकार्य हुन सक्दैन। सिरहामा बारम्बार देखिएका यस्ता घटनाबाट सम्बन्धित निकाय, उद्योगी र उपभोक्ता सबैले गम्भीर पाठ सिक्न आवश्यक छ। नागरिकको स्वास्थ्यभन्दा ठूलो कुनै व्यापारिक लाभ हुन सक्दैन्। त्यसैले प्रभावकारी अनुगमन, कडा नियमन र दोषीमाथि निष्पक्ष कारबाही नै यस्ता घटनाको दीर्घकालीन समाधान हो।

### स्थानीय तहका समस्या समाधानमा .............

नागरिकमुखी बनाउन आवश्यक पहललाई निरन्तरता दिने बताए।

छलफलमा मन्त्रालयका सचिव, सहसचिव, प्रतिनिधि सभा सदस्य रहोवर अन्सारी लगायतको उपस्थिति थियो।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

# मधेशमा अझै चुनौती बनेको बालविवाह

## समाजको इज्जत कि बालबालिकाको भविष्य ?

**कृष्णा चौलागाई**




मधेश प्रदेशमा 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ', छात्रालाई साइकल, छात्रा-मैत्री शौचालय र स्यानिटरी प्याड वितरण योजना निरन्तर छ।

सरकारले छोरीका हकमा यी आकर्षक कार्यक्रम लागु गर्नुको उद्देश्य हो, 'माइती नचिन्दै कर्मघर पुग्नुपर्ने' दृश्य रोक्ने।

बालविवाह नेपाली समाजको सबैभन्दा बढी कुरूप पक्षमध्येको एक हो, मधेश प्रदेश अझ अगाडि छ। तिनै दृश्य रोक्न आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पछाडि परेका महिलाको सशक्तीकरण, महिला हिंसा न्यूनीकरण, बालविवाह तथा दाइजो प्रथाको अन्त्यजस्ता उद्देश्यसहित मधेस सरकारले प्रभावकारी कार्यक्रम अगाडि बढायो।

तर, समाजले नस्वीकारेपछि र कार्यक्रमकै पारदर्शितामा प्रश्न उठेपछि उक्त कार्यक्रमको प्रभावकारिता समाजभित्रै अल्मलियो। जसका कारण अझै मधेसमा 'माइती नचिन्दै कर्मघर' पुग्नुपर्ने पीडा विद्यमान छ।

रौतहटको एउटा वडामा एक किशोर मानवअधिकार आयोगमा उजुरीका लागि आए। उनको उजुरी थियो, 'परिवारको दबाबका १३ वर्षकै उमेरमा गरिएको आफ्नो विवाह खारेज गरिपाऊँ।'

उनले उजुरीका क्रममा भनेका थिए, "विवाह गर्दा म १३ वर्षको मात्र थिए। विवाहबारे न त मलाई त्यतिबेला थाहा थियो, न त श्रीमतीका विषयमा नै। अझ विवाहमा भएका दुई परिवारको विषयमा पनि आफूलाई केही थाहा नभएको हुँदा त्यो विवाह मलाई चित्त बुझेको छैन। मेरो विवाह खारेज गरिपाउँ।" उनले त्यो उजुरी आफ्नो वडामा पनि दिएका थिए।

यो एक किशोरको मात्र कथा होइन। मधेशका देहात गाउँ-समुदायमा अझै पनि यस्ता कथा छन्। जहाँ बालबालिकाको उमेर, सपना र अधिकारभन्दा सामाजिक दबाब ठूलो प्राथमिकतामा पर्ने गरेको छ।

जनकपुरकी राधाले १३ वर्षमा विवाह गरेकी थिइन्। पारिवारिक सल्लाहमा छिट्टै विवाह गरेकी उनकी छोरी ६ वर्षकी भइन्। उनको कक्षा ४ मा पढ्दै गर्दा विवाह भएको थियो। तर, उनले विवाहपछि अध्ययन गर्ने मौका पाइनन्।

उनले दुखेसो पोखिन्, "श्रीमान् केही काम गर्दैनन्, खाने/बस्नेमात्र गर्छन्, जिम्मेवारी आफ्नै काँधमा छ, छिट्टै बिहे नभएको भए म आफ्नो खुट्टामा उभिन्थेँ, पढाई पूरा हुन्थ्यो होला। तर, परिवारले छिट्टै विवाह गरेकाले ज्याला मजदुरी गरेर परिवार धानिरहेको छु।"

सानै उमेरमा विवाह हुँदा उनको बाल्यकाल मात्र खोसेन, शिक्षा, आत्मनिर्भरता र आफ्नो निर्णय गर्ने अधिकारसमेत सीमित बनायो। मधेसमा छोरीका चाहनाका प्वाँख कसरी काटिन्छ भन्ने उदाहरण राधा पनि हुन्।

चाँदनी साह कक्षा १० मा पढ्दै छिन्। उनले आफ्ना दाइ-दिदीको सानै उमेरमा विवाह भएको देखेकी छिन्। विवाहपछिका दुःखबारे जानकार छिन्। उनी २० वर्ष पूरा भएपछि मात्र विवाह गर्ने सोचमा छिन्। उनी भन्छिन्, "इज्जतका लागि हाम्रो विवाह गरिन्छ। तर, छिटो विवाहपछि हुने दुःखको विषयमा समाजले कहिल्यै सोच्दैन।"

राँखीकुमारी मण्डल कक्षा ७ मा अध्ययनरत छिन्। उनलाई पढेर देशको सेवा गर्ने इच्छा छ। परिवारले उनको चाहना बुझेको छ, तर समाजका दबाबले उनलाई चिन्तित बनाएको छ।

"कम उमेरमा विवाह गर्दा हामी शारीरिक र मानसिक रूपमा परिपक्व भएका हुँदैनौं। यसले लामो समयसम्म समस्या निम्त्याउन सक्छ, यस विषयमा हामी हाम्रा परिवारलाई बुझाउन सक्छौं, तर समाजले बुझ्दैन," उनी भन्छिन्।

५२ वर्षीया सुकुले आफ्नो १२ वर्षको उमेरमा विवाह गरेको बताइन्। उनका चार सन्तानका विवाह भइसकेका छन्। उनले विगत सम्झँदै भनिन्, "छोरी भागेर जान्छे कि समाजले कुरा काट्छ कि भनी छिट्टै विवाह गरिदिन्थ्यौं।"

उनका अनुसार, मोबाइल र सामाजिक सञ्जालको बढ्दो प्रयोगले पनि अभिभावकमा डर बढाएको छ। "प्रेम गर्ने, भागेर विवाह गर्ने डरले पनि अभिभावकहरू हतारिन्छन्," उनी भन्छिन्।

**छिटो विवाहः कानुनभन्दा सामाजिक चुनौती**

मधेश प्रदेशका सांसदहरू उमेर नपुग्दै विवाह वा बालविवाह अन्त्य गर्न कानुन मात्र पर्याप्त नभएको बताउँछन्। मधेश प्रदेशका सांसदहरू उमेर नपुग्दै विवाह संस्कृतिसँग जोडिएको हुँदा प्रतिष्ठा जोगाउनकै लागि त्यो क्रम कानुनबाट रोक्न नसकिएको बताउँछन्।

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसमेत सहभागितामा केही दिनअघि भएको एक कार्यक्रममा सांसदहरूले अशिक्षित समुदायमा २० वर्षभन्दा कम उमेरमै विवाह हुने गरेको बताए। कानुनमात्र नभएर जनचेतना फैलाउनुमा प्रदेश तथा स्थानीय तह चुकेको उनीहरूको भनाइ थियो।

मधेश प्रदेशसभाकी सांसद ममतादेवी मण्डलले बालविवाहको मुख्य कारण शिक्षा र आर्थिक अभाव रहेको बताइन्।

उनले भनिन्, "छोरीको विवाहलाई परिवारको इज्जतसँग जोडेर हेर्ने सोच अझै पनि समाजमा छ। तर, कम उमेरमा विवाह भएपछि बालबालिकाले शिक्षा, आत्मनिर्भरता र आफ्नो निर्णय गर्ने अधिकार गुमाउँछन्।"

सांसद मनिषकुमार सुमनले बालविवाहले बालबालिकाको जीवन विकासमा दीर्घकालीन असर पार्ने गरेको बताए। उनका अनुसार, कम उमेरमा विवाह हुँदा शिक्षा, सीप, रोजगारी र सामाजिक सहभागितामा असर पर्छ। "बालविवाहले बालबालिकालाई मानसिक र शारीरिक समस्याको जोखिममा पार्छ। उनीहरू आफ्नो अधिकारबाट समेत वञ्चित हुन्छन्," उनले ठम्याई थियो।

उनले विवाह दर्ता प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने सुझाव दिए। विवाह भएको दिनमै अनिवार्य रूपमा दर्ता गर्ने व्यवस्था भएमा उमेर नपुगेका विवाह रोक्न सहयोग पुग्ने उनको भनाइ थियो।

"जसरी जन्मदर्ता नभए विद्यालय भर्ना वा अन्य काममा समस्या हुन्छ, त्यसरी नै विवाह दर्तालाई पनि अनिवार्य बनाउनु आवश्यक छ," उनले भने।

प्रदेशसभा सदस्य जयनुल राइनले बालविवाहको समस्या मधेसमा अझ गम्भीर रहेको बताए। उनले शिक्षा, विशेषगरी दलित, मुस्लिम तथा पछाडि पारिएका समुदायमा शिक्षाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए।

"शिक्षा नै परिवर्तनको आधार हो। समाज शिक्षित नभएसम्म पुराना गलत परम्परा परिवर्तन गर्न कठिन हुन्छ," उनले भने।

छलफलमा सहभागी केहीले हालको २० वर्षको विवाह उमेर कायम राख्नुपर्ने बताए। केहीले अन्तर्राष्ट्रिय अभ्यासअनुसार १८ वर्ष उपयुक्त हुने धारणा राखे। तर, अधिकांशको साझा निष्कर्ष भने शिक्षा, चेतना र आर्थिक आत्मनिर्भरताबिना बालविवाह अन्त्य गर्न कठिन हुनेछ।

कार्यक्रममा स्थानीय तहको भूमिका अझ प्रभावकारी हुनुपर्ने आवाज उठेको थियो। कतिपय पालिकामा बालविवाहको अवस्था, जोखिम क्षेत्र र रोकथामका योजनाबारे पर्याप्त तथ्यांकसमेत नभएको गुनासो गरिएको छ।

वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र समुदायलाई जोडेर अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ। किशोर-किशोरीमा मोबाइल र सामाजिक सञ्जालको पहुँच बढेसँगै कम उमेरमै सम्बन्ध बनाउने र भागेर विवाह गर्ने घटना बढेको धारणा पनि कार्यक्रममा व्यक्त गरियो।

तर, विज्ञहरूले मोबाइललाई दोष दिनुभन्दा डिजिटल सचेतना, अभिभावक-सन्तानबीच संवाद र सही मार्गदर्शन आवश्यक रहेको बताएका छन्।

रौतहटका ती किशोरदेखि जनकपुरकी राधासम्मको कथाले एउटै प्रश्न उठाउँछ, बालबालिकाको भविष्य ठूलो कि समाजको डर ? बालविवाह र सानै उमेरमा गर्भवती हुँदा त्यसले किशोरीको स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक प्रभाव पार्ने महिला स्वास्थ्यविद् डा. आशा सिंहले बताइन्।

"सानैमा बिहे गरेपछि केही वर्षमै बच्चा जन्मिन्छन्। कतिपय त बिहेपछि मात्रै महिनावारी भएका पनि हुन्छन्," उनले भनिन् "कलिलै उमेरमा बच्चा जन्माउँदा आमा र शिशु दुवै स्वस्थ नहुनुका साथै दीर्घकालीन समस्या समेत आउन सक्छ।"

उनका अनुसार, किशोरी अवस्थामै गर्भवती हुनु भनेको मानसिक र स्वास्थ्यको हिसाबले अत्यन्तै खतरा

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** आजको दिन तपाईंको लागि अत्यन्तै सकारात्मक रहनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरू पूरा हुनेछन्।

**बृष :** खानपानमा सतर्कता अपनाउनुहोला। आर्थिक लेनदेन गर्दा वा नयाँ सम्झौता गर्दा हतार नगर्नुहोला।

**मिथुन :** आजको दिन व्यवसायिक र व्यक्तिगत दुवै हिसाबले फलदायी रहनेछ।

**कर्कट :** शत्रुहरू परास्त हुनेछन् र पुराना विवाद वा मुद्दाहरूमा तपाईंको पक्षमा निर्णय आउन सक्छ।

**सिंह :** आजको दिन अध्ययन-अध्यापन र बौद्धिक कार्यमा रुचि बढ्नेछ।

**कन्या :** आज पारिवारिक विषयलाई लिएर असमझदारी बढ्न सक्छ।

**तुला :** आज तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। सानातिना यात्राहरूबाट राम्रो लाभ मिल्नेछ।

**वृश्चिक :** आकस्मिक धन लाभको योग बनेको छ। उत्तम भोजन र सुखको आनन्द मिल्नेछ।

**धनु :** आज मानसिक रूपमा शान्ति र प्रसन्नता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ।

**मकर :** विलासिता वा स्वास्थ्य सम्बन्धी कुरामा धन खर्च हुने योग छ। अनावश्यक यात्रा र विवादबाट जोगिनुहोला।

**कुम्भ :** आजको दिन तपाईंको लागि आम्दानीका नयाँ स्रोतहरू खुल्नेछन्।

**मीन :** कार्यक्षेत्र र करियरको दृष्टिकोणले आजको दिन उत्कृष्ट रहनेछ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सिरहाका किसानलाई आँप टिप्ने चटारो

अपन दैनिक संवाददाता
सिरहा, असार १६ गते



सिरहाका किसान यतिबेला आँप टिप्न व्यस्त छन्। बिहान सबेरै बगैंचामा पुगेर आँप टिप्ने, क्रेट तथा कार्टुनमा प्याक गर्ने र देशका विभिन्न शहरसम्म पठाउने उनीहरूको दैनिकी नै बनेको छ।

जेठ-असार आँप पाक्ने मुख्य समय भएकाले जिल्लाभरका व्यावसायिक आँप किसान बजार केन्द्रित बनेका छन्।

देशकै प्रमुख आँप उत्पादन क्षेत्रमध्ये पर्ने सिरहाको पूर्व-पश्चिम राजमार्ग आसपासका सडक किनारामा आँपले भरिएका क्रेट र पिकअप गाडीको चहलपहल देखिन्छ। बगैंचादेखि बजारसम्म किसानको दौडधुपले गाउँ-बस्ती नै आँपमय बनेको छ।

गोलबजार नगरपालिका-१ बलडाँडाका ४७ वर्षीय गुरुदेव पूर्वे बिहानै मजदुर, क्रेट र आवश्यक सामान लिएर बगैंचातर्फ लाग्छन्। दिनभर आँप टिप्ने, छानेर प्याक गर्ने र साँझ गाडीमार्फत विभिन्न शहर पठाउने काममा उनी व्यस्त रहन्छन्।

'आज सुरुमा बम्बई जातको आँप टिप्यौं, अहिले माल्दह टिपिरहेका छौं,' उनले भने, 'जेठको पहिलो सातादेखि नै यही दिनचर्या छ। बेलुका गाडीमा आँप पठाएपछि मात्रै फुर्सद हुन्छ।'

पूर्वेको आफ्नै साढे तीन बिघा जमिन छ, जहाँ आँपका बोट छन्। उनले छिमेकीका बगैंचासमेत ठेक्कामा लिएर अहिले करिब ५० वटा बगैंचाको व्यवस्थापन गरिरहेका छन्।

धान र गहुँभन्दा कम लागतमा आँप खेतीले बढी आम्दानी दिने भएकाले आफू यसतर्फ आकर्षित भएको उनी बताउँछन्। 'अन्य बालीमा मल, बीउ, मजदुर र जोताइमै धेरै खर्च हुन्छ। कहिले त लागत पनि उठ्दैन,' उनले भने, 'आँपमा मिहिनेत र लगानी कम लाग्छ, आम्दानी राम्रो हुन्छ।

उही गाउँका अर्का किसान विनोद यादव पनि अहिले आँप टिप्न व्यस्त छन्। आफ्नो ६ बिघा जमिनमध्ये ३ बिघामा आँप खेती गरेका यादवले अन्य बालीभन्दा आँप खेती धेरै लाभदायी भएको अनुभव सुनाए।

'वर्षमा एक-दुई पटक बगैंचा जोतेर सरसफाइ गरे पुग्छ,' उनले भने, 'धान-गहुँको तुलनामा लागत कम र आम्दानी राम्रो भएकाले अब आँप खेती विस्तार गर्दैछु।'

किसानहरूका अनुसार आँपको उत्पादन बढ्दै गए पनि बजार व्यवस्थापन र भण्डारणको अभावले उचित मूल्य भने पाउन सकिएको छैन।

गोलबजार नगरपालिका-२ का किसान रामकुमार महतोले एकैपटक धेरै आँप पाक्दा बजारमा मूल्य घट्ने समस्या रहेको बताए। 'गर्मी र वर्षासँगै आँप एकैचोटि पाक्छ,' उनले भने, 'समयमै

बाँकी पृष्ठ ४ ▸▸

## सिरहामा विद्यालय बसको ठक्करबाट ............

बसका खलासी राम उदगार यादव पछाडितर्फ पुगेका बेला चालकले बस अगाडि बढाउँदा पछाडिको चक्काले दुवैलाई किचेको थियो।

दुर्घटना लक्ष्मीपुर पतारी गाउँपालिका-२ स्थित नथुनी साहको घरअगाडि भएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि स्थानीयवासी घटनास्थलमा भेला भएका थिए। प्रहरीले बसलाई नियन्त्रणमा लिएको छ भने फरार चालकको खोजी कार्य तीव्र पारिएको इलाका प्रहरी कार्यालय महेशपुर पतारीले जनाएको छ।

प्रहरीका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ। दुर्घटनापछि स्थानीयवासीले विद्यालय बस सञ्चालनमा सुरक्षा मापदण्डको कडाइका साथ पालना गर्न र चालकको लापरबाहीमाथि कानुनी कारबाही गर्न माग गरेका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

AD
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

## सिरहामा नगर प्रहरीलाई विपद् व्यवस्थापनसम्बन्धी ............

सुमनजंग थापाले जानकारी दिए। सिरहा नगरपालिका- १९ सन्हैठास्थित हेडक्वार्टरमा सोमबारदेखि संचालित तालिममा सिरहामा कार्यरत नगर स्वयंसेवक २४ र गोलबजारअन्तर्गत सात गरी ३१ जना सहभागी रहेको र आगामी २१ दिनसम्म चल्ने उनले बताए।

उनका अनुसार तालिमले नगर प्रहरीको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि हुनुका साथै विपद्का समयमा छिटो, प्रभावकारी र समन्वयात्मक सेवा प्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल र स्थानीय तहसँगको समन्वयमा संचालित तालिमअन्तर्गत जल उत्पन्न प्रकोपसम्बन्धी सैद्धान्तिक र प्रयोगात्मक अभ्यासअन्तर्गत अत्यधिक वर्षामा हुने डुबान नियन्त्रण, फसेकाहरुको उद्धार, पुनःस्थापना र वाटर बोटको अभ्यास हेडक्वार्टर परिसरमा रहेको पोखरीमा गरिने छ।

आगलागी सम्बन्धी विपद् व्यवस्थापन अभ्यास सिरहा सदरमुकामस्थित विपद् व्यवस्थापन सुरक्षा बेसमा गरिने जानकारी दिँदै उनले विपद्सम्बन्धी पहिलो सूचना स्थानीय तहमा आउने र तत्काल परिचालन पनि हुने भएकाले पहिलो चरणमा विपद्को जोखिममा रहेका दुई पालिकासँग समन्वय गरी तालिम संचालन गरिएको हो। हेडक्वार्टरका अनुसार दोस्रो चरणमा लहान, धनगढीमाई र मिर्चैया नगरपालिकाअन्तर्गतका नगर प्रहरी स्वयम्सेवक प्रहरीका लागि तालिम संचालन गर्नेगरी समन्वय भइरहेको छ।

## मधेशमा अझै चुनौती बनेको ............

हो। यस्तो बेला महिलाहरू डिप्रेसनमा जान सक्नेसमेत सम्भावना हुन्छ।

**कानुन ले देखाएको प्रभाव**

विवाहको न्यूनतम उमेर २० वर्ष कायम छ। २०७२ मा केही नेपाल ऐन संशोधनमार्फत यो व्यवस्था लागु भएको थियो। त्यसपछि २०७४ मा मुलुकी देवानी संहिता लागु हुँदा पनि यही व्यवस्था कायम रह्यो।

त्यसअघि अभिभावकको मञ्जुरी भए र नभएको आधारमा फरक उमेरको व्यवस्था थियो। महिला-पुरुष दुवैका लागि समान रूपमा २० वर्ष उमेर तोकिएको छ।

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका तथ्यांकले कानुनले सकारात्मक प्रभाव पारेको देखाएको छ। १५-१९ वर्ष उमेर समूहको विवाह दर सन् २०११ मा २८.८ प्रतिशत थियो। सन् २०१६ मा २७ प्रतिशत, सन् २०२१ मा २१ प्रतिशतमा झरेको छ।

२० वर्षभन्दा कम उमेरमा विवाह हुनेको संख्या क्रमशः घटिरहेको छ। बालअधिकारकर्मी डा. देवकी आचार्यका अनुसार, कानुन, शिक्षा र सामाजिक चेतनाले बालविवाह न्यूनीकरणमा भूमिका खेलेको छ।

उनी भन्छिन्, "कानुनी व्यवस्था कमजोर बनाउनु सामाजिक र स्वास्थ्य दुवै दृष्टिले जोखिमपूर्ण हुन सक्छ।"

**किन उठ्यो विवाहको उमेर घटाउने बहस ?**

यतिबेला विवाहको न्यूनतम उमेर २० बाट घटाएर १८ बनाउनुपर्ने बहस चलिरहेको छ। यसका पक्षधरहरू १८ वर्ष पुगेपछि व्यक्ति कानुनी रूपमा वयस्क हुने भएकाले विवाहको अधिकार पनि हुनुपर्ने तर्क गर्छन्।

उता बालअधिकार तथा स्वास्थ्य क्षेत्रका विज्ञहरू विपक्षमा छन्। राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक तारक धितालका अनुसार, कम उमेरमा विवाह हुँदा शिक्षा बीचमै छुट्ने, आर्थिक निर्भरता बढ्ने, मानसिक दबाब बढ्ने र प्रजनन स्वास्थ्यमा दीर्घकालीन असर पर्ने अध्ययनहरूले देखाएका छन्।

मुलुकी अपराध संहिता १ भदौ २०७५ देखि लागु भएको थियो, जसमा २० वर्ष नपुगी कसैले विवाह गर्न/गराउन नपाउने व्यवस्था छ। जहाँ तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिबाना हुने प्रावधान छ।

तर, आठ वर्षअघिको कानुन परिमार्जनका सवाल बहसमा छ। नेपाली समाजमा २० वर्ष नपुगी धेरैको विवाह हुने गरेको छ। नेपालको कानुनले २० वर्षभन्दा मुनिको विवाहलाई गैरकानुनी मान्छ।

**'रोमियो एन्ड जुलियट ल' को परिकल्पना**

प्रचलित मुलुकी अपराध संहितामा १८ वर्ष नपुगेका व्यक्तिसँग सहमतिमै यौनसम्बन्ध राखेमा पनि बलात्कार मानिने र जेल सजाय भोग्नुपर्ने व्यवस्था छ।

मुलुकी अपराध संहिता संशोधन मस्यौदामा उल्लेख छ, 'पीडित र प्रतिवादी दुवै नाबालक भएमा र निजहरूबीच उमेरको अन्तर तीन वर्ष वा सोभन्दा कम भएमा निजहरूबीच सहमतिमा करणी भएकामा तीन वर्षसम्म सजाय हुनेछ। र, १६ वर्ष उमेर पूरा भई १८ वर्ष पूरा नभएको व्यक्तिलाई सहमतिमा करणी भएमा जरबजस्ती करणीको कसूरमा हुने आधा सजाय हुनेछ।'

संशोधन मस्यौदामा समावेश गरिएको व्यवस्थालाई फौजदारी कानुनमा 'रोमियो एन्ड जुलियट ल' भनिएको छ। जसले समान उमेर समूहका किशोर-किशोरीबीच हुने यौनसम्बन्धलाई कानुनी झमेलाबाट मुक्त राख्छ।

अमेरिकासहित थुप्रै मुलुकमा कम उमेर समूहका किशोर-किशोरीविरुद्ध लागु हुनेगरी 'रोमियो एन्ड जुलियट ल' छ। भारतको अदालतले पनि त्यो कानुनलाई मुद्दामा सन्दर्भ सामग्रीका रूपमा लिएको भेटिन्छ।

२०८० चैतमा प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिले देशका जेल तथा बाल सुधारगृहमा पठाएको संसदीय अनुगमन उपसमितिले धेरै किशोरहरू बलात्कारको आरोपमा जेलमा हुँदा विवाह उमेर कम गर्नुपर्ने राय दिएको थियो।

समाजशास्त्री टंकमणि पौडेल 'रोमियो एन्ड जुलियट ल' लागु गर्ने हो भने विद्यालय तहमा प्रभावकारी यौन शिक्षा पाठ्यक्रम लागु गर्नुपर्ने बताउँछन्। तर, हाम्रो समाज यौनज्ञान, यौन शिक्षा र यौन वहसमा अझै अनुदार छ।



# बजेट करोड, योजना खुद्रे

## सरकारले रोक्ने घोषणा गरे पनि मधेश प्रदेशको बजेटमा टुक्रे योजनाकै निरन्तरता

**अपन दैनिक संवाददाता**
सिरहा, असार १६ गते

मधेश प्रदेश सरकारले बजेटमा टुक्रे योजना निरुत्साहित गर्ने घोषणा गरे पनि विस्तृत बजेट पुस्तिका अर्थात् रातो किताबमा पुरानै अभ्यासलाई नयाँ रूपमा निरन्तरता दिएको पाइएको छ।



१ असारमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने, नयाँ सवारीसाधन खरिद रोक्ने, अनुत्पादक खर्च कटौती गर्ने र पुँजीगत निर्माणलाई प्राथमिकता दिने नीति अख्तियार गरिएको बताएका थिए।

सरकारले औपचारिक रूपमा एक करोडभन्दा कमका योजना नराखे पनि एउटै शीर्षकभित्र विभिन्न पालिका, वडा र टोलका धेरै साना योजना गाभेको छ। कुल रकम एक करोड वा त्यसभन्दा बढी देखाइए पनि भित्री विवरणमा मन्दिर, मदरसा, कब्रस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ र भवन मर्मत जस्ता अलग अलग काम एउटै बजेटभित्र राखिएका छन्।

विगतमा १० लाख, १५ लाखका खुद्रे योजना सिधै रातो किताबमा राखिँदा प्रदेश सरकारको चर्को आलोचना हुने गरेको थियो। यसपटक आलोचनाबाट बच्न र नीतिगत रूपमा टुक्रे योजना रोकेको देखाउन सरकारले नयाँ उपाय अपनाएको देखिन्छ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको एक करोड रुपैयाँको एउटा योजनामा महोत्तरी र धनुषाका विभिन्न स्थानका धार्मिक तथा सामुदायिक संरचना समेटिएका छन्। महोत्तरीको जलेश्वरस्थित मदरसा स्तरोन्नति, जनकपुरधाम उपमहानगरपालिका-२१ को कब्रस्तान बाउन्ड्री वाल, लोहारपट्टी र मटिहानीको मदरसा र जलेश्वरकै इदगाह निर्माण तथा स्तरोन्नतिलाई एउटै शीर्षकमा राखिएको छ।

सोही मन्त्रालयको अर्को एक करोड रुपैयाँको शीर्षकमा सीताराम विवाह मण्डप ट्रस्ट निर्माण, जनकपुरधाम-८ स्थित विहार कुण्ड क्षेत्रको मन्दिर सौन्दर्यीकरण तथा धनुषाको नगराइनमा रहेको सलहेश मन्दिर स्तरोन्नति समेटिएको छ।

सिँचाइ तथा खानेपानी मन्त्रालयका योजनामा पनि यस्तै प्रवृत्ति देखिएको छ। धनुषाको बटेश्वर गाउँपालिकाका विभिन्न वडामा व्यक्तिको जग्गामा बोरिङ निर्माण तथा मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका र नगराइन क्षेत्रका पावर ड्रिल बोरिङलाई एउटै शीर्षकमा राखिएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको बजेट वितरण अझ बढी अव्यवस्थित देखिन्छ। महोत्तरीको जलेश्वरमा सडक ढलान तथा रिटेनिङ वाल, मनरासिसवा नगरपालिकाको विद्यालयमा अधुरो भवन निर्माण, डेस्क-बेन्च व्यवस्थापन र कम्पाउन्ड वाल स्तरोन्नतिलाई एउटै एक करोडको शीर्षकमा राखिएको छ। अर्को शीर्षकमा मदरसा भवन निर्माण, नाला निर्माण, इदगाहको अधुरो बाउन्ड्री वाल, ढलान र सौन्दर्यीकरण जस्ता काम गाभिएका छन्।

यसो हुँदा प्रदेशको बजेट शीर्षक प्राविधिक रूपमा ठूलो देखिए पनि व्यवहारमा पुरानै टुक्रे बजेट वितरण प्रवृत्तिको निरन्तरता देखिएको छ। पाँचदेखि सात वटासम्म साना योजना एउटै शीर्षकभित्र राखिँदा ठेक्का प्रक्रिया, कार्यान्वयन क्षेत्र, प्राविधिक मूल्यांकन, भुक्तानी र विवाद समाधानमा समस्या आउने सरोकारवालाहरू बताउँछन्।

**कार्यान्वयनमा जटिलता**

एक करोडको शीर्षकभित्र फरक भूगोल र फरक प्रकृतिका योजना राख्दा कार्यान्वयनमा कानुनी र व्यवहारिक समस्या आउने जनता समाजवादी पार्टी, नेपालका प्रवक्ता मनीषकुमार सुमन बताउँछन्। उनका अनुसार कुनै एउटा टोल वा योजनामा विवाद भए पूरा शीर्षककै बजेट रोकिने जोखिम रहन्छ।

"कतै एक करोडको पुल छ भने ठीकै हो। तर, पुल पनि त्यही शीर्षकमा, मन्दिर पनि त्यही शीर्षकमा, धर्मशाला पनि त्यही शीर्षकमा राखियो भने काम अघि बढ्दैन," सुमन भन्छन्, "बजेट कार्यान्वयनमा लैजाँदा व्यावहारिक पक्ष पनि हेर्नुपर्छ। सस्तो लोकप्रियताका लागि यसरी राखिएको बजेट खर्च नहुने जोखिम बढ्छ।"

उपभोक्ता समितिको विकृति रोक्ने नाममा ल्याइएको नयाँ अभ्यास व्यावहारिक रूपमा अस्पष्ट देखिएको उनको टिप्पणी छ। "एक करोडको योजना देखाएर उपभोक्ता समितिको साटो खुला प्रतिस्पर्धामा योजना कार्यान्वयनको जिम्मेवारी दिने भनिएको छ, तर एउटै शीर्षकभित्र धेरै साना काम गाभिएपछि कार्यान्वयन कसरी हुन्छ भन्ने स्पष्ट छैन," उनी भन्छन्।


त्यसैगरी, जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंह पनि बजेटमा अव्यावहारिक रूपमा कार्यक्रम राखिएकाले कार्यान्वयनमा कठिनाइ आउने तर्क गर्छन्। सरकारको घोषणा र रातो किताबको विवरणबीच मेल नदेखिएको उनको टिप्पणी छ।

अर्थमन्त्री युवराज भट्टराई भने केही शीर्षकमा मात्रै यस्तो देखिएको दाबी गर्छन्। पुराना योजनाको बाँकी काम पूरा गर्न दुईतीन वटा योजनालाई जोडेर बजेट दिनुपरेको उनको भनाइ छ।

"संघीय बजेटमा पनि यस्तै परिपाटी छ। कतिपय पुराना योजना थोरै रकमले पूरा हुने अवस्थामा छन्, त्यसैले केही शीर्षकमा यस्तो देखिएको हो," भट्टराई भन्छन्, "पहिलो पटक खुला प्रतिस्पर्धामा जाने अभ्यास भएकाले समस्या आउला भन्ने लागेको हुन सक्छ। तर, ठूलो समस्या आउँछ जस्तो लाग्दैन। समस्या आए समाधान गरेर अघि बढ्छौँ।"

# पेट्रोल-डिजेल, खाना पकाउने ग्यास र हवाइ इन्धनको मूल्य घट्यो

**अपन दैनिक संवाददाता**
सिरहा, असार १६ गते



नेपाल आयल निगमले पेट्रोलियम पदार्थहरुको खुद्रा मूल्य घटाएको छ।

बुधबारदेखि लागू हुने गरी निगमले प्रतिलिटर पेट्रोलमा २० रुपैयाँ, डिजेल र मट्टितेलमा ३० रुपैयाँ, हवाइ इन्धन आन्तरिकतर्फ ४० र अन्तर्राष्ट्रियतर्फ काठमाडौंको लागि प्रतिकिलोलिटर २ सय ६५ अमेरिकी डलरले मूल्य घटाएको हो।

त्यसैगरी खाना पकाउने ग्यास पनि प्रतिसिलिन्डर १ सय रुपैयाँ सस्तो भएको निगमले जनाएको छ। हवाइ इन्धन अन्तर्राष्ट्रियतर्फ पोखरा र भैरहवाका लागि भने ब्रेक इभन पोइन्टमा बिक्री मूल्य कायम हुने निगमको भनाइ छ।

यससनुसार अब उपभोक्ताले पेट्रोल प्रतिलिटर १ सय ९७ रुपैयाँ, डिजेल र मट्टितेल १९५ रुपैयाँ तिरे पुग्नेछ। त्यस्तै एलपी ग्यास १४.२ किलोको २०६० रुपैयाँ र ७१ किलोको १ हजार ३० रुपैयाँ तिर्नुपर्नेछ। हाल अन्तर्राष्ट्रिय बजारमा मूल्यमा सुधार आएकाले नेपालमा पनि मूल्य घटाइएको निगमको दाबी छ।

त्यसो त निगमले अन्तर्राष्ट्रिय बजारमा निकै अघिदेखि नै कच्चा तेलको मूल्यमा सुधार आइसके पनि इन्डियन आयल कर्पोरेसनलाई देखाउँदै मूल्य घटाउन मानेको थिएन।


## गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)


# वन तथा वन्यजन्तु संरक्षणका लागि बजेट अभाव चुनौती: मन्त्री चौधरी

**अपन दैनिक संवाददाता**
जनकपुरधाम, असार १६ गते



मधेश प्रदेशका वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरीले वन तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनका लागि संघ र प्रदेश सरकारको बजेट पर्याप्त नभएको बताएका छन्।

डिभिजन वन कार्यालय धनुषाले चुरे नदी प्रणाली संरक्षण सरोकार समिति र नेपाल पत्रकार महासंघ धनुषाको समन्वयमा आयोजना गरेको वन तथा वन्यजन्तु व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री चौधरीले सीमित बजेटका बाबजुद संरक्षणका कार्यक्रम सञ्चालन भइरहेको बताए।

उनले प्रदेश सरकारबाट केही कमजोरी भएको स्वीकार गर्दै सरकारलाई खबरदारी गर्ने दायित्व सञ्चारमाध्यम र नागरिकको रहेको बताए। तथ्य र प्रमाणका आधारमा गरिने आलोचनालाई आफूले सकारात्मक रूपमा लिने उनको भनाइ थियो।

प्रदेश वन निर्देशनालयका निर्देशक जगन्नाथ प्रसाद जयशवालले वन विनाशका कारण वन्यजन्तुको प्राकृतिक वासस्थान नष्ट हुँदा मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएको बताए। वन संरक्षण भए मात्र वन्यजन्तुको दीर्घकालीन संरक्षण सम्भव हुने बताए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्णले वन्यजन्तुको वासस्थानमा मानव बस्ती विस्तार र बढ्दो मानवीय गतिविधिका कारण वन्यजन्तु समस्यामा परेको उल्लेख गर्दै वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा सोमप्रसाद शर्मा, चुरे नदी प्रणाली संरक्षण सरोकार समितिका कार्यवाहक अध्यक्ष अमरेन्द्र कुमार यादवलगायतले वन तथा वन्यजन्तु संरक्षणका विविध पक्षमा धारणा राखेका थिए।

कार्यक्रमका अध्यक्ष तथा डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले वन संरक्षणको विकल्प नरहेको उल्लेख गर्दै पछिल्ला वर्षमा वन क्षेत्र विस्तार हुनुका साथै बाघलगायत वन्यजन्तुको संख्या पनि बढ्दै गएको बताए।

## सिरहाका किसानलाई आँप टिप्ने ...............

बजार पुऱ्याउन नसके कुहिन्छ। चिस्यान केन्द्र भए आँप लामो समय राखेर राम्रो मूल्यमा बेच्न सकिन्थ्यो।'

किसानहरूले चिस्यान केन्द्र, प्रशोधन उद्योग र निर्यात सहजीकरणका लागि सरकारी सहयोग आवश्यक रहेको बताएका छन्। निजी लगानीबाट यस्ता पूर्वाधार निर्माण गर्न नसकिने उनीहरूको भनाइ छ।

बजार समस्यासँगै रोग र किराको प्रकोपले पनि किसान चिन्तित छन्। पाक्न लागेको फलमा विषादी प्रयोग गर्न नमिल्ने भएकाले ठूलो क्षति बेहोर्नुपरेको किसानहरूको गुनासो छ। किसान गुरुदेव पूर्वे भन्छन्, 'यही बेला किराले आँप कुहाइदिन्छ। विषादी हाल्न पनि मिल्दैन। यस्तो अवस्थामा फल संरक्षणका लागि प्राविधिक सुझाव र प्रभावकारी उपाय आवश्यक छ।'

कृषि ज्ञान केन्द्र सिरहाका सूचना अधिकारी सुदीप खनालका अनुसार जिल्लामा हाल करिब ९ हजार ५० हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको छ। यस वर्ष प्रतिहेक्टर ८ मेट्रिक टनका दरले करिब ७२ हजार ४०० मेट्रिक टन आँप उत्पादन हुने अनुमान गरिएको छ। गत वर्ष भने प्रतिहेक्टर ११ मेट्रिक टनभन्दा बढी उत्पादन भएको थियो।

सिरहामा बम्बई, माल्दह, कृष्णभोग, अम्रपाली, दशहरी, कलकतिया र जर्दा जातका आँप उत्पादन हुँदै आएका छन्। तीमध्ये स्वाद, गुणस्तर र लोकप्रियताका कारण माल्दहलाई आँपको राजा मानिन्छ।

सिरहाको हावामा मिसिएको आँपको सुगन्ध केवल स्वादको प्रतीक मात्र होइन, हजारौं किसानको जीविकोपार्जन, रोजगारी र आत्मनिर्भरताको आधार पनि बनेको छ। तर उत्पादनसँगै बजार, भण्डारण, प्रशोधन र रोग व्यवस्थापनका चुनौती समाधान गर्न सकिए मात्र सिरहाको आँपले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा अझ बलियो पहिचान बनाउन सक्ने देखिन्छ।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका


## 'संघीयता गुमे संविधान नै गुम्न ..............

उनले सुधारका प्रयासहरूमा संविधानको कार्यान्वयन, संस्थागत प्रभावकारिता तथा जवाफदेहितालाई सुदृढ बनाउन केन्द्रित हुनुपर्ने सुझाए। अहिले संविधान संशोधनको मुद्दा उठाउनुलाई उनले प्यान्डोरा बाकस खोल्नु जस्तै भएको तर्क गरे।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालमा संघीय शासन प्रणाली बहिष्करणको अन्त्य, विविधताको सम्मान तथा राज्यशक्तिको विकेन्द्रीकरणका लागि दशकौं लामो राजनीतिक संघर्षको परिणामस्वरूप स्थापित भएको बताए।

'हामीले संघीयता गुमायौं भने समावेशिता, लोकतन्त्र र अन्ततः संविधान नै गुम्ने जोखिम रहन्छ,' उनले भने। प्रदेश संरचनालाई कमजोर बनाउनेभन्दा यसको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्नेमा उनको जोड छ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संविधान संशोधन लोकतान्त्रिक प्रक्रियाको वैध अभ्यास भए पनि अहिले समस्या संविधान संशोधनमा होइन, संविधानको खारेजी होला कि भन्ने डरमा रहेको बताए।

संघीयताका पक्षधरहरूले डिजिटल माध्यम र एल्गोरिदमले निर्देशित सूचना परिवेशअनुसार आफूलाई रूपान्तरण गर्दै युवापुस्तासम्म पुग्न सहज, तथ्यमा आधारित तथा विश्वसनीय सामग्री उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए।

श्रम स्वीकृति पार्टीका सांसद आरेन राईले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन रचनात्मक संसदीय भूमिका तथा तथ्यमा आधारित सार्वजनिक संवादको महत्त्वमा जोड दिए। आफ्नो पार्टी सदैव संघीयताको पक्षमा चट्टानझैं खडा हुने प्रतिबद्धता जनाए।

**'संविधान संशोधनमा संख्याभन्दा सहमति आवश्यक'**

राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक प्रकाशचन्द्र परियारले संविधान संशोधनका लागि संख्याभन्दा प्रमाण र सहमति आवश्यक हुने बताए।

लोकतान्त्रिक शक्तिहरूले आफ्नो लोकतान्त्रिक इतिहास र योगदानलाई प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउन नसकेको स्वीकार गर्दै उनले संघीयताका उपलब्धि तथा यसको संवैधानिक औचित्यबारे प्रभावकारी सार्वजनिक सञ्चार आवश्यक रहेकोमा जोड दिए।

छलफलमा सहभागी पजेनजी अगुवा माजिद अन्सारीले 'बहस अब प्रदेश महँगो छ कि छैन भन्ने होइन, संघीय सरकार महँगो छ कि छैन भन्ने हुनुपर्ने' बताए।

युवा अगुवा अदिति साह, विनोद देउवा लगायतले संविधान संशोधन प्रमाण, कार्यान्वयन अनुभव र व्यापक राजनीतिक सहमतिमा आधारित हुनुपर्नेमा जोड दिए।




माँ भगवति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।